# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौ

## निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

(प्रकाशित मिति २०७८/९/१२)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकतिसौं स्थापना दिवस (२०७८ माघ २८) को उपलक्ष्यमा राष्ट्रव्यापी निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोले सहभागिताका लागि आह्वान गरिएको छ ।

१. निबन्धको शीर्षक :- आयोगको मातहत कार्यालयहरूबाट आयोजना हुने प्रतियोगिताका लागि निवन्धको शीर्षक "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" रहेको छ ।

मातहत कार्यालयहरूका कार्यक्षेत्र अन्तर्गतबाट प्रथम भएका विद्यार्थीहरूबीच अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंमा मिति २०७८/१०/२६ गते संचालन हुने राष्ट्रव्यापी निबन्ध लेखन प्रतियोगितामा विद्यार्थी स्वयं उपस्थित भई सहभागी हुनुपर्नेछ। उक्त निबन्ध लेखन प्रतियोगिताको शीर्षक पछि उपलब्ध गराइनेछ। निबन्ध लेखनको समय ३ घण्टा रहनेछ।

२. प्रतियोगिताका सहभागी :- देशभरका कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरू

३. निबन्धको शब्द सीमा :- निबन्ध २००० देखि ३००० शब्दमा नबढाई लेख्नुपर्नेछ।

४. निबन्धको भाषा :- निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ।

५. प्रतियोगितामा सहभागी हुने प्रक्रिया :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध साथ आफ्नो नाम थर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क फोन नम्बर उल्लेख गरी विद्यालयबाट आयोगको कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्र समेत संलग्न राखी देहायबमोजिम सम्बन्धित कार्यालयमा पठाउनु वा इमेल गर्नुपर्नेछ।

| क्र. सं. | आयोगको कार्यालय | सम्पर्क नम्बर | इमेल ठेगाना | कार्य क्षेत्र |
|---|---|---|---|---|
| १ | ईटहरी | ०२५-५८६९७० | itahari@ciaa.gov.np | ताप्लेजुङ,पाँचथर,इलाम, संखुवासभा,तेह्रथुम,धनकुटा, भोजपुर,झापा,मोरङ,सुनसरी, सप्तरी,उदयपुर |
| २ | बर्दिवास | ०४४-५५०६८६ | ciaabardibas@gmail.com | सिराहा,धनुषा,महोत्तरी,सर्लाही, खोटाङ,सोलुखुम्बु,ओखलढुंगा, सिन्धुली,रामेछाप |

| | | | | |
|---|---|---|---|---|
| ३ | हेटौंडा | ०५७-५२१७४४ | ciaamro@gmail.com | रौतहट,बारा,पर्सा,मकवानपुर, चितवन,धादिङ,रसुवा,नुवाकोट, सिन्धुपाल्चोक,काभ्रेपलाञ्चोक, दोलखा,काठमाडौ,भक्तपुर, ललितपुर |
| ४ | पोखरा | ०६१-५४०४५० | ciaapkr@gmail.com | गोरखा,लमजुङ,तनहुँ,कास्की, मनाङ,मुस्ताङ,पर्वत,स्याङ्जा, म्याग्दी,बाग्लुङ |
| ५ | वुटवल (सम्पर्क कार्यालय नेपालगंज समेत) | ०७१-५४००३१ | butwal@ciaa.gov.np | नवलपरासी बर्दघाट सुस्ता ) (पूर्व, नवलपरासी बर्दघाट) सुस्ता पश्चिम(, रुपन्देही, कपिलवस्तु,पाल्पा,अर्घाखाँची, गुल्मी,प्युठान,दाङ,बाँके, बर्दिया, रोल्पा |
| ६ | सुर्खेत | ०८३-५२१९६० | ciaasurkhet@gmail.com | रुकुम (पूर्वि भाग), रुकुम (पश्चिम भाग),डोल्पा,जुम्ला, मुगु,हुम्ला,कालिकोट, जाजरकोट,दैलेख,सुर्खेत,सल्यान |
| ७ | कंचनपुर | ०९९-५२१११७ | ciaa.kanchanpur@ciaa.gov.np | बाजुरा,बझाङ,डोटी,अछाम, दार्चुला,बैतडी,डडेल्धुरा, कञ्चनपुर,कैलाली |

६. निबन्ध पठाउने अन्तिम मिति :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध मिति २०७८ साल पुस ३० गतेसम्म सम्बन्धित कार्यालयमा आइपुग्ने गरी पठाउन/इमेल गर्नुपर्नेछ।

७. पुरस्कार :- आयोगको मातहत कार्यालयमा आयोजित निबन्ध लेखन प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीलाई देहायबमोजिम नगद पुरस्कार प्रदान गरिनेछ।

क. प्रथम — रु. १२,०००।- (बाह्र हजार) १ जनालाई
ख. द्वितीय - रु ९,०००।- (नौ हजार ) १ जनालाई
ग. तृतीय - रु. ७,५००।- (सात हजार पाँच सय) १ जनालाई
घ. सान्त्वना — रु. ५,०००।- (पाँच हजार) २ जनालाई

आयोगका कार्यालयहरूमा आयोजित निबन्ध लेखन प्रतियोगितामा प्रथम भएका विद्यार्थीहरूलाई समावेश गरी मिति २०७८ माघ २६ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंमा राष्ट्रव्यापी निबन्ध लेखन प्रतियोगिता संचालन गरिनेछ। उक्त

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई देहायबमोजिम नगद रकमसहित आयोगको ३१औं स्थापना दिवस (२०७८ माघ २८ गते) को अवसरमा काठमाडौंमा आयोजना हुने कार्यक्रममा पुरस्कृत गरिनेछ।

| | |
|---|---|
| क. प्रथम — रु. २५,०००।- (पच्चीस हजार) | १ जनालाई |
| ख. द्वितीय - रु १५,०००।- (पन्ध्र हजार) | १ जनालाई |
| ग. तृतीय - रु. १०,०००।- (दस हजार) | १ जनालाई |

- आयोगका कार्यालयहरूबाट आयोजना हुने निबन्ध लेखन प्रतियोगितामा प्रथम भई राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा भाग लिन आउने विद्यार्थी र निजको एक जना अभिभावकलाई काठमाडौंसम्म आउन जान लाग्ने बसभाडा र अन्य खर्च आयोगले निर्धारण गरेबमोजिम उपलब्ध गराइनेछ।